Regd.-124295

# Nepal Hydro Developer Limited.

च. नं. ६८/०७८/०७९

मिति: २०७९।०२।२५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार,काठमाडौं ।

**बिषय: विशेष साधारण सभा तथा शेयरधनी दर्ता किताब बन्द सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा मिति २०७९।०२।२५ गते साँझ ४ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको ७२ औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको विशेष साधारण सभा मिति २०७९ असार १३ गते सोमबार विहान ११ बजे काभेरी इन, ज्ञानेश्वर, काठमाण्डौंमा बस्ने भएको व्यहोरा जानकारी गराउँदछौं ।

साथै सो विशेष साधारण सभा प्रयोजनको लागि मिति २०७९/०३/०२ गते १ दिन शेयरधनी दर्ता किताब बन्द हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

Nepal Hydro Developer Limited * Kathmandu * 2006

शेष कुमार ढुङ्गाना
प्रमुख कार्यकारी अधिकृत
तथा
कम्पनी सचिव

बोद्धार्थ

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री सि डि एस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं ।
३) श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौं ।
४) श्री एन एम बी क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौं ।

Dillibazar-33, P.O. Box 26435, Kathmandu, Nepal
Tel: 977-1-4441131, 4441444, 4441118, 01-2003887 (UTL), Fax: 977-1-4441973
Email: info@charnawatihydro.com, Website: www.charnawatihydro.com

# नेपाल हाईड्रो डेभलोपर लिमिटेड
## डिल्लीबजार, काठमाण्डौं, नेपाल

# विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिती : २०७९/०२/२६)

आदरणिय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०७९/०२/२५ मा बसेको सञ्चालक समितिको ७२ औं बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**

मिति : २०७९ असार १३ गते (जुन २७, २०२२)
समय : बिहान ११ बजे
स्थान : कावेरी इन, ज्ञानेश्वर, काठमाण्डौं ।

**२. छलफलका विषयहरु :**

**क. विशेष प्रस्ताव :**

१. नियमावलीको नियम २३ संशोधन गर्ने सम्बन्धमा ।
२. नियमावलीको नियम २७ को उपनियम ३ (१) संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको नियमावलीमा भएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जन गर्न कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा ।

**ख. विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**विशेष साधारणसभा सम्बन्धी अन्य जानकारी :**

१. यस कम्पनीको विशेष साधारणसभा प्रयोजनको लागि मिति २०७९/०३/०२ गते यस कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७९/०३/०१ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी काठमाण्डौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन् ।
२. सभामा उपस्थित शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र वा हितग्राही खाता खोलिएको कागजात साथमा लिई आउनुहुन अनुरोध छ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै डिल्लीबजार, काठमाण्डौं स्थित कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा बुझाई सक्नुपर्नेछ । प्रोक्सी फारम यस कम्पनीको वेभसाईट www.charnawatihydro.com बाट download गर्न सकिनेछ ।
४. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सो को सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको डिल्लीबजार, काठमाण्डौं स्थित कम्पनीको रजिष्ट्रर्ड कार्यालयमा पुग्नु पर्नेछ ।
५. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन ।
६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा हाजिरी गर्नुपर्नेछ ।
७. प्रतिनिधी नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखस्तसँग मिल्नु पर्नेछ ।
८. कुनै शेयरधनी महानुभावहरुलाई कम्पनी सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखितरुपमा सभा शुरु हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौंमा पठाउनु हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. अन्य विस्तृत जानकारीको लागि कम्पनीको रजिष्ट्रर्ड कार्यालय डिल्लीबजार, काठमाण्डौंमा कार्यालय समयभित्र फोन नं. ०१-४४४११३१ मा सर्म्पक राख्न सक्नु हुनेछ ।
१०. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।